## गाउँ कार्यपालिकाको २५औं बैठकको निर्णय

**प्रस्ताव तथा निर्णयहरुः**

१. सार्वजनिक विदा सम्बन्धमा।
२. कर्मचारी भर्ना सम्बन्धमा।
३. स्थानीय दररेट सम्बन्धमा।
४. बैदेशिक अध्ययन छात्रवृत्ति सम्बन्धमा।
५. अस्थाई प्रहरी चौकीको घरभाडा सम्बन्धमा।
६. आर्थिक सहयोग सम्बन्धमा।
७. विभिन्न योजनाको डि पि आर गर्ने सम्बन्धमा।

**निर्णय नं १.**

रुन्टीगढी गाउँपालिका वडा नं ४ का वडा अध्यक्ष श्री टंक बहादुर पुनको मिति २०८०।०३।२७ गते स्क्रब टाइफसका कारणबाट रापि स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराही दाङमा उपचारका क्रममा असामयीक निधन भएको छ।निजको अकल्पनीय र असामयीक निधनले हामी सबैलाई शोकाकुल र अत्यन्तै भाब बिह्वल बनाएको छ। दुखको यस घडीमा कार्यपालिका परिवार मृतात्मा प्रति हार्दिक श्रद्धाञ्जलिका साथै शोकाकुल परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछ।शोकको सो घडिमा रुन्टीगढी गाउँपालिका कार्यालयको मिति २०८०।०३।२७ को निर्णयानुसार मिति २०८०।०३।२८ गते बिहीबारका दिन दिइएको सार्वजनिक विदा अनुमोदन गर्ने।

**निर्णय नं २**

रुन्टीगढी गाउँपालिका होलेरी रोल्पामा रिक्त रहेको रोजगार संयोजक, कृषि प्राविधिकहरु, मापदण्ड पुगेका वडा स्वास्थ्यहरुलाई बर्थिङ सेन्टरका रुपमा स्वीकृत गर्न आबश्यक अ न मीहरु तथा बरिष्ठ नगरप्रहरी र महिला नगरप्रहरी भर्ना गर्न आबश्यक जनशक्ति थप गर्न विज्ञापन गर्ने।

**निर्णय नं ३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३ अनुसार गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम यस रुन्टीगढी गाउँपालिकाले आ.ब. २०८०।०८१ का लागि रोल्पा जिल्लाबाट यस आ.ब. का लागि तोकिएको जिल्ला दररेटलाई नै स्थानीय दररेट कायम गरी लागू गर्ने।

**निर्णय नं ४**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (जनशक्ति योजना तथा विकास शाखा) बाट छात्रवृत्तिमा बैदेशिक अध्ययन/तालिममा मनोनयन/छनौट गर्न यस कार्यालयमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई तलबी अध्ययन विदामा मनोनयन गरि स्वीकृति तथा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| क स | नामथर | पद | सेवा/समुह | क स नं | नियुक्ति मिति |
|---|---|---|---|---|---|
| १ | सानुबाबु खड्का | अधिकृत छैठौं | प्रशासन | २३६१२० | २०७७।०५।१९ |
| २ | झगगु के सी | अधिकृत छैठौं लेखा | लेखा | २३९११५ | २०७६।०९।०१ |

**<u>निर्णय नं ५</u>**

रुन्टीगढी गाउँपालिका वडा नं ८ बाट होलेरी-विजौरी मोटरबाटो यस गाउँपालिकाको महत्वपूर्ण नाकाको रुपमा रहेकोले त्यस क्षेत्रबाट हुने अबैध कारोबार नियन्त्रण तथा शान्ति सुरक्षाको व्यवस्था कायम गर्नको लागि प्रहरी चौकी स्थापना गर्न आबश्यक भएको हुँदा सम्बन्धित निकायमा अनुरोध गरि पठाउने साथै तत्काललाई अस्थायी व्यवस्थाको लागि गाउँपालिकाबाट घरभाडाको व्यवस्था गर्ने।

**<u>निर्णय नं ६</u>**

वडा नं ४ का अध्यक्ष श्री टंक बहादुर पुनको असामयिक निधनले गाउँपालिका र घरपरिवारलाई अपुरणिय क्षति भएको छ।काजक्रिया खर्चबापत निजको परिवारलाई रु २५,०००/- रकम उपलब्ध गराउने साथै निजको घरको आर्थिक अबस्था कमजोर देखिएकोले निजका ३ जना छोराछोरीलाई शिक्षादिक्षामा सहयोग पुग्ने गरि अन्यथा निर्णय भएकोमा बाहेक बार्षिक रुपमा रु ५०,०००/- का दरले उपलब्ध गराउने।निजको श्रीमति बिमला पुनलाई हाल कार्यालय सहयोगीको पदमा ज्यालादारीमा भर्ना गरी कामकाजमा लगाउने।

**<u>निर्णय नं ७</u>**

आ.ब.२०७९।०८० को बजेटबाट निर्माण भएका तपसिलका विभिन्न योजनाहरुका डि.पि.आर. हरुलाई स्वीकृत गर्ने

तपसिलः

| क्र स | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | उघाँ देखि वडा नं १ को कार्यालय जाने सडक | |
| २ | खर्से रुन्टी सडक | |
| ३ | प्युरी देखि वडा नं ९ को कार्यालय जोड्ने सडक | |
| ४ | सुर्पाल देखि वडा नं ३ को कार्यालय जोड्ने सडक | |
| ५ | होलेरी देखि वडा नं ५ को कार्यालय जोड्ने सडक | |
| ६ | दहवन देखि वडा नं ७ को कार्यालय हुदै सालिबाङसम्म जोड्ने सडक | |
| ७ | होलेरी देखि वडा नं ६ को कार्यालय जोड्ने सडक | |
| ८ | द्वारपानि देखि वडा नं ८ को कार्यालय जोड्ने सडक | |
| ९ | ढुङ्गा फाल्ने डाँडा देखि शिव पार्वति गुफा हुदै सालिबाङ जोड्ने सडक | |
| १० | अपुते छरछरे लिफ्टिङ खानेपानि योजना | |